नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१
पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं

# प्रेस विज्ञप्ती- ५९

## "अबैध रुपमा अनलाईन मार्फत हुण्डी करोबारमा संलग्न व्यक्ति कारागार चलान"

उपरोक्त सम्बन्धमा जिल्ला धनुषा, क्षिरेश्वर नगरपालिका, वडा नं १ बाट केही व्यक्तिहरुले आपराधिक समूह बनाई नेपाल राष्ट्र बैंकबाट अनुमति नलिई अबैध रुपमा अनलाईन मार्फत हुण्डी कारोबार गरेको भन्ने गोप्य सूचनाको आधारमा सोही स्थान बस्ने काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा न.२८, कमलपोखरी स्थित कार्यालय रहेको मोडर्न रेमिटान्स प्रा. लि. का शयेरधनी वर्ष ३५ को उदयचन्द्र यादवलाई कसूर वारदातमा प्रयोग भएका ल्यापटप, मोबाईल फोन समेतका उपकरणहरु सहित यस ब्यूरोबाट खटिई गएको प्रहरी टोलीले मिति २०७९/०९/२२ गते धनुषा जिल्लाबाट पक्राउ गरी यस ब्यूरोबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गतको शीर्षकमा मुद्दा दर्ता गरी अनुसन्धान पश्चात उक्त मुद्दाको वारदात धनुषा जिल्ला अन्तर्गत भएको देखिएकोले थप अनुसन्धान कारवाही र किनाराको लागि मिसिल मिति २०७९/१०/११ गते जिल्ला प्रहरी कार्यालय, धनुषा पठाईएकोमा अनुसन्धान पश्चात उक्त मुद्दामा रु. १७,६२,२०,५४८/६०/- (अक्षेरुपी रु. सत्र करोड बैसट्ठी लाख बीस हजार पाँच सय अठ्चालीस रुपैयाँ साठी पैसा मात्र) बिगो कायम गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५ को कसूरमा दफा ९६ को (१) र (२) बमोजिम सजायको माग दावी लिई सम्मानित धनुषा जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०७९/१०/१८ गतेको आदेशले निज प्रतिवादी उदयचन्द्र यादवलाई पुर्पक्षको लागि थुनामा राख्न कारागार कार्यालय, जलेश्वर, महोत्तरी पठाईएको व्यहोरा सूचित गरिन्छ ।

**पक्राउ प्रतिवादी :-**

१) **नाम थर:-** उदयचन्द्र यादव
**ठेगाना:-** धनुषा जिल्ला, क्षिरेश्वरनाथ नगरपालिका, वडा नं. १ रमदैया, भवाँडी
**उमेर:-**३५ वर्ष



**मिति २०७९।१०।१९ गते।**

**प्रहरी उपरीक्षक**
**(कमल थापा)**
**प्रवक्ता एवं सूचना अधिकारी**
**सम्पर्क नम्बर: ९८५१२८११५८**